# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०८।१२ गते

# प्रेस विज्ञप्ति

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम

---------------------------------------------

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निरूत्साहन तथा भ्रष्टाचार नियन्त्रणको अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न तथा भ्रष्टाचार गरी आर्जित सम्पत्तिलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीलाई निरूत्साहित गर्दै दिनानुदिन आफ्नो आयतन र दायरा बढाउँदै लगेको भ्रष्टाचारको जालोलाई सम्पत्ति शुद्धीकरण निवारण तथा प्रचलित कानूनमा भएको सजायको व्यवस्था कार्यान्वयन गर्न तथा भ्रष्टाचार निवारणको राष्ट्रिय लक्ष्यमा सहयोग पुऱ्याउने उद्देश्यले त्यस्ता कसुरहरूको बारेमा दुई निकायबीच सूचनाको आदान-प्रदान, प्रभावकारी विश्लेषण र अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच आज एक समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । आयोगको तर्फबाट सहसचिव श्री रामेश्वर दंगाल र विभागको तर्फबाट महानिर्देशक श्री जीवन प्रकाश सिटौलाले हस्ताक्षर गर्नुभएको छ ।

समझदारी पत्रमा सम्पत्ति शुद्धीकरण अनुसन्धानको जाँचबुझ तथा अनुसन्धानको सिलसिलामा विभागमा प्राप्त आयोगको कार्यक्षेत्र भित्र पर्ने सूचना/उजुरीको जानकारी आयोगमा पठाउने, आयोगले आफ्नो काम कारवाहीको क्रममा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्वन्धी सूचनाहरू जानकारीमा आएमा त्यस्ता सूचनाहरू विभागलाई उपलव्ध गराउने उल्लेख छ ।

यसै गरी भ्रष्टाचारजन्य गतिविधिका कारण सिर्जित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीका जोखिमको पहिचान गरी गम्भीर अपराध (Serious Crime) सँग सम्वन्धित उजुरीको एकआपसमा समन्वय गरी अनुसन्धान प्रभावकारी बनाउन दुवै निकायबीच समझदारी भएको छ ।

दुवै निकायमा कार्यरत जनशक्तिहरूको क्षमता विकासको लागि अनुसन्धानात्मक, अभिमुखीकरण तथा पुनर्ताजगी तालिम, अन्तर्क्रिया, अनुभव आदान-प्रदान, अध्ययन, अवलोकन लगायतका कार्यक्रमहरू सञ्चालन गरिनुका साथै भ्रष्टाचार नियन्त्रण र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधान, प्रचलन एवं अभ्यासको बारेमा परस्पर सूचना, ज्ञान, सीप तथा अनुभव आदान-प्रदान गरिने लगायतका बूँदाहरू समझदारीमा समेटिएका छन् ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता